बागमती प्रदेश सरकार

# स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय

हेटौंडा, नेपाल

पत्र सङ्ख्याः २०८३/०८४
चलानी नम्बरः

बागमती प्रदेश सरकार
स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

मिति : २०८३।०५।३१

**पूर्व तयारी कक्षा र भाषा शिक्षण सेवा सञ्चालनका लागि अनुमति प्राप्त गरेका संस्थाहरुको नवीकरण सम्बन्धी सुचना**

प्रस्तुत सम्बन्धमा शैक्षिक परामर्श सेवा तथा भाषा शिक्षण निर्देशिका,२०७९ बमोजिम यस मन्त्रालय(साविकको सामाजिक विकास मन्त्रालय)बाट सेवा सञ्चालन अनुमति प्राप्त गरेका संस्थाहरुको आ.व.२०८३।८४ का लागि तपसिल बमोजिम सेवा सञ्चालन अनुमति नवीकरण गरिने भएकाले निर्देशिकाको दफा ४ को उपदफा (२) मा उल्लिखित कागजात सहित प्रदेश आर्थिक ऐन,२०८३ को अनुसूचि १० बमोजिमको राजश्व दाखिला गरी मन्त्रालयमा नियमानुसार निवेदन पेश गर्नुहुन सूचित गरिन्छ ।

तपसिल :

१. पूर्व तयारी कक्षा र भाषा शिक्षण मध्ये कुनै एक वा दुवै सेवा क्षेत्रको अनुमति प्राप्त गरेका संस्थाहरुको नवीकरण गरिने

२. शैक्षिक परामर्श सेवा सहित भाषा शिक्षण कक्षा/पूर्व तयारी कक्षा अनुमति प्राप्त गरेका संस्थाहरुको हकमा भाषा शिक्षण कक्षा/पूर्व तयारी कक्षा मात्रै नवीकरण गरिने

३. शैक्षिक परामर्श सेवा सञ्चालन अनुमति प्राप्त गरेका संस्थाहरुको नविकरण यस मन्त्रालयबाट नगरिने भएकाले नेपाल सरकारबाट जारी गरिएको शैक्षिक परामर्श, भाषा शिक्षण तथा तयारी कक्षा (सञ्चालन र व्यवस्थापन) नियमावली,२०८३ को नियम ६ को उपनियम (२) बमोजिम सम्बन्धित संस्थाले नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालयको मिति २०८३।०५।३० गतेको सूचना बमोजिम निवेदन पेश गर्नुपर्ने ।

रुद्र शर्मा
उपसचिव

# अनुसूची -१०

(दफा १३ को उपदफा (२) सँग सम्बन्धित)

**शैक्षिक परामर्श सेवा, पूर्व तयारी कक्षा र भाषा शिक्षण सञ्चालन दर्ता तथा नवीकरण शुल्क**

| सि.नं. | दर्ता तथा नवीकरण | राजस्व दस्तुर कायम हुने समय अवधि | दस्तुर (रु.) |
|---|---|---|---|
| १. | शैक्षिक परामर्श, पूर्व तयारी कक्षा तथा भाषा शिक्षण केन्द्र दर्ता अनुमति | (क) कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको अनुमति माग निवेदन पेश भएमा | २००००।- |
| | | (ख) कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको आर्थिक वर्ष भन्दा पछिल्ला आर्थिक वर्षमा अनुमति माग निवेदन पेश हुन आएमा प्रति आर्थिक वर्ष | प्रत्येक आर्थिक वर्ष जरिवाना रु १००००।- |
| २. | शैक्षिक परामर्श, पूर्व तयारी कक्षा तथा भाषा शिक्षण केन्द्र नवीकरण | (क) प्रत्येक वर्षको साउनदेखि असोज मसान्त भित्र नवीकरणको लागि निवेदन पेस गरेमा | १००००।- |
| | | (ख) असोज मसान्तभन्दा पछि सोही आर्थिक वर्षभित्र नवीकरणको लागि निवेदन पेस गरेमा | २००००।- |
| | | (ग) सो आर्थिक वर्षपछि नवीकरणको लागि निवेदन पेस भएकाहरुको हकमा प्रति वर्ष | ३००००।- |

**प्रमाणीकरण मितिः २०८३।०३।३१**